2022 डिसेम्बर 16 तारिख

टोकियो स्वास्थ्य सुरक्षा अनुशन्धान केन्द्र

# सिफिलिस, बृद्दि भईरहेको छ

## कस्तो रोग हो ?

ट्रेपोनेमा सिफिलिसको कारण हुने सरुवा रोग हो । यौन जन्य कार्यमा सुष्म झिल्लि तथा छालाको सानो घाउबाट सर्छ । अधिकांश लक्षण बिना बढ्ने हुनाले आफैलाई पनि थाहा नभई बढ्दै जान्छ । त्यसपछि, थाहै नभई अन्य ब्यक्तिलाई सर्दै जान्छ ।

सरेको १ महिनामा सरेको स्थान (यौनांग, मलद्वार, मुख आदि) मा दाग तथा गिर्खा देखिन्छ र उपचार बिना पनि केहि हप्तामा लक्षणहरु कम हुंदै गई निको हुंदै जान्छ । त्यसपछि थाहै नपाई रोग बढदै गएर केहि बर्ष देखि केहि दशक पछि मुट्, नशा, स्नायुको समस्या देखिने हुन्छ । अन्धोपन वा डिमेन्सिया जस्ता लक्षण पनि देखिन सक्छ ।

साथै, गर्भवति आमालाई सिफिलिस लागेमा पाठेघर मार्फत गर्भ भित्रको बच्चालाई पनि सर्न गई मृत बच्चाको जन्म, छिटो जन्म, जन्मनासाथ मृत्यु, जन्मजात अपांग (जन्मजात सिफिलिस) हुन सक्छ ।

## कति धेरै छ ?

2016~2020 सालमा बार्षिक 1,700 जनाको हाराहारिमा थियो तर 2022 सालमा 48 हप्तासम्मको अवधिमा त्यसको दोब्बर करिब 3,400 जना भई अहिले सम्मकै बढिको रेकर्ड राख्ने गरी बढेको छ।







2022 जनवरी ~48 हप्ता सम्म

## कसरी सर्छ ?

यौन जन्य कार्य मार्फत रोगका कणहरु रहेको तरल पदार्थ (वीर्य, योनि स्राव आदि) रगतमा सिधै छुंदा श्लेष्म झिल्ली र घाउहरूबाट सर्छ । सिफिलिस जति पटक पनि सर्छ र आफुलाई पनि थाहै नभई अन्य ब्यक्तिलाई पनि सारिन्छ ।

## कसरी रोक्न सकिन्छ ?

कण्डमको प्रयोग सहि तरिकाले गर्नु रोकथाममा प्रभावकारी हुन्छ । मुख मैथुन (ओरल सेक्स), मलद्वार मैथुन (एनल सेक्स) बाट पनि सर्न सक्छ। सर्नबाट बच्नको लागि पनि कण्डमको सहि प्रयोग महत्वपूर्ण हुन्छ। चिन्ता लागेमा जांच गर्नुहोस् ।

# सिफिलिस Q&A

**Q** आफै निको हुन्छ ?

**A** सिफिलिस लागे पनि लक्षण नदेखिने, छालामा लक्षण देखिए पनि नदुख्ने हुन्छ । उपचार नगरे पनि लक्षण हराउने पनि हुन्छ तर प्राकृतिक रुपमा निको नहुने हुनाले एन्टिबायोटिक्स मार्फत उपचार आवश्यक छ । औषधि खानु पर्दा एक पटकको संख्या बढि भई अवधि पनि लामो हुन्छ ।

हाल मांशमेशिय सुई पेन्सिलिनलाई अनुमत दिई, औषधि खाने बाहेकको छनौट पनि थपिएको छ । रोग सरेको थाहा पाएपछि तुरुन्त लगाएमा १ पटकको सुईले पनि हुने भएकोले औषधि खानु भन्दा सजिलो र फाईदाजनक छ।

उपचार नगरी बसेमा स्नायु र मुटुमा ठूलो क्षति हुने सम्भावना भएकोले छिटो जांच गरी छिटो उपचार गर्नु महत्वपूर्ण हुन्छ ।

**Q** एक पटक लागेपछि पुन लाग्दैन ?

**A** सिफिलिस लागेको बारेमा चिकित्सकले जांच गरेर रगतका एन्टिबडी आदि हेरेर निर्णय गर्छ । रोग लागेको ब्यक्तिको रगतमा एक हदसम्मको एण्टिबडि रहन्छ तर पुन संक्रमणको रोकथाम गर्न सक्ने भन्ने हुंदैन । त्यसैले, उपयुक्त रोकथामका बिधि (कण्डमको प्रयोग, पार्टनरको उपचार आदि) गरिएन भने सिफिलिसको पुन संक्रमणको सम्भावना रहन्छ ।

**Q** कण्डम लगायो भने संक्रमण हुंदैन ?

**A** संक्रमण भएको भागसंग श्लेष्म झिल्ली र छालाको प्रत्यक्ष संसर्ग नहुने गरी कण्डम लगाउने कुरा संक्रमणको रोकथाममा प्रभावकारी हुन्छ । तर, कण्डमले नछोप्ने भागको छालामा पनि संक्रमण हुने सम्भावना भएकोले कण्डम प्रयोग गरेपनि 100% रोकथाम गर्न सकिन्छ भन्न सकिन्न । लक्षण नदेखिए पनि संक्रमण भएको हुन सक्ने भएकोले जांच गर्ने गरौं ।

**Q** जांच गर्न सकिन्छ ?

**A** लक्षण देखिएमा स्वस्थ्य संस्थामा जांच गर्नुहोस ।

महानगर भित्रको स्वास्थ्य केन्द्र तथा महानगरको जांच कक्षमा गोप्य नाम तथा निशुल्कमा HIV तथा सिफिलिसको जांच गर्न सकिन्छ ।

साथै, अन्य यौन सरुवा रोग (गोनोरिया/क्लामिडिया संक्रमण) को जांच गर्न सकिने स्वस्थ्य केन्द्रहरु पनि छन् ।

सिफिलिसको जांच रगत निकालेर गरिन्छ ।

**Q** सिफिलिस संक्रमणको चिन्ता छ । कहां परामर्श लिन सकिन्छ ?

**A** बसोवास गर्ने एरियाको स्वास्थ्य केन्द्रमा परामर्श लिन सकिन्छ । साथै, लक्षण देखिएको खण्डमा स्वास्थ्य संस्थामा जांच गर्नुहोस् ।